# इस्मा गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड – २, संख्या –१०,    फागुन ०४ गते,    २०७५ साल**

## भाग – २

## पशुसेवा कार्यक्रम सञ्चालन कार्यविधि–२०७५

### प्रस्तावना

यस गाउँपालिकामा पशुजन्य वस्तुको उत्पादन बृद्धि गर्न र नयाँ रोजगारी सिर्जना गर्न गाउँपालिकाले पशुजन्य व्यवसायको प्रवर्द्दन गर्ने उद्देश्य राखेको छ । उपेक्षित उद्यम व्यवसायको सिर्जना त्यस्ता ठाउँमा मात्र हुन सक्छ, जहाँका मानिसमा उद्यमको सम्भावना, त्यसमा विषेशता, सम्भावित जोखिम एवं उद्योगले प्रदान गर्न सक्ने फाईदाबारे केलाउन सक्ने र व्यवसायिक योजनाको खाका तयार गर्ने क्षमताको विकास भएको हुन्छ । गाउँपालिकाको स्पष्ट व्यवसायिक योजनाको खाकाले उद्यमी एवं व्यवसायी सबैलाई कुनै उद्यम वा व्यवसाय सुरु गर्ने वा नगर्ने भन्ने विषयमा दिशा प्रदान गर्दछ ।नेपालको संबिधान २०७२ मा भएको व्यवस्था तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा

७४ ले दिएको अधिकार प्रयोग गरी इस्मा गाउँपालिको पशु सेवा कार्याबिधि २०७५ तयार गरेको छ ।

## परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यबिधिको नाम "इस्मा गाउँपालिकाको पशुसेवा कार्यक्रम संचालन कार्यविधि-२०७५" रहेकोछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,-

(क) **"अध्यक्ष"** भन्नाले इस्मा गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) **"उपाध्यक्ष"** भन्नाले इस्मा गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ।

(ग) **"उत्पादक"** भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादन गर्ने कृषक/पशुपालक वा कम्पनी वा कृषि फार्म वा सहकारी उत्पादक सम्झनु पर्छ ।

(घ) **"एजेन्ट"** भन्नाले कृषितथा पशुपालक उद्यमी, व्यवसायी, पशुपंक्षी जन्य वस्तुहरूको कारोबार गर्ने दर्तावाला व्यक्ति सम्झनुपर्छ र सो शव्दले संगठित संस्थाको प्रतिनिधिलाई समेत जनाउँछ ।

(ङ) **"कार्यपालिका"** भन्नाले इस्मा गाउँकार्यपालिका सम्झनुपर्छ ।

(च) **"कोष"** भन्नाले यस कार्यविधि बमोजिम स्थापित कृषि तथा पशुपंक्षीजन्य व्यवसाय प्रवर्द्धन कोषलाई सम्झनु पर्छ ।

(छ) **"कृषक तथा पशुपालक"** भन्नाले यस कार्यविधिको प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यावसायिक पशुपालन गर्ने कृषक तथा पशुपालक, कृषक तथा पशुपालक समूह, पशुपालक व्यवसायी, पशुपंक्षी फर्म ,सहकारी समेतलाई सम्झनु पर्छ ।

(ज) **"पशु"** भन्नाले अनुसूची (१) मा उल्लेख भए बमोजिमका बिषयसँग सम्वन्धित उपक्षेत्रलाई सम्झनु पर्दछ र सो शव्दले

परम्परागत,अर्धव्यावसायिक तथा व्यावसायिक पशुपालनलाई समेत जनाउँछ ।

(झ) **"फार्म"** भन्नाले व्यवसायिक प्रयोजनको लागि अनुसूची (१) बमोजिमका पशुजन्य उत्पादनका लागि सञ्चालन गरिएको पशुपंक्षी फार्म सम्झनु पर्छ ।

(ञ) **"पशुपंक्षी बजार"** भन्नाले पशुपंक्षी वा पशुपंक्षीजन्य उत्पादित वस्तुहरुको ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा सो उपजको बिक्री वितरण गर्ने पशुपंक्षी बजार सम्झनु पर्छ ।

(ट) **"पशुजन्य वस्तु"** भन्नाले कृषकले कुनै पशुजन्यबाट उत्पादन गरेको उपभोग्य पशुजन्य वस्तु सम्झनुपर्छ ।

(ठ) **"पशुजन्य व्यवसाय"** भन्नाले देहायको व्यवसाय सम्झनुपर्छ :-

(१)पशुपंक्षी सम्बन्धित सामाग्री

(२) व्यावसायिक उद्देश्यले गरिने पशुपंक्षीजन्य उत्पादन ,

(३) पशुपंक्षीजन्य वस्तुको संकलन तथा प्रशोधन,

(४) पशुपंक्षीजन्य उपजको व्यापार,

(५) पशुपंक्षीजन्य उत्पादनका लागि प्रयोग हुने घाँस, औषधि, तालिमको साथै सोको उत्पादन, भण्डारण तथा वितरण,

(६)पशुपंक्षीजन्य उत्पादनको लागि प्रयोग हुने सामाग्रीहरु जस्तैःविउ, वेर्ना, नश्ल, उत्पादन, परामर्श सेवा, भण्डारण तथा वितरण,

(ड) **"खुद्रा बजार"** भन्नाले कुनै विक्रेताले उपभोक्तालाई बिक्री गर्ने खुद्रा सामान र मुल्यलाई सम्झनु पर्छ ।

(ढ) **"गाउँपालिका"** भन्नाले इस्मागाउँपालिका सम्झनु पर्छ ।

(ण)**"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस कार्यविधि बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(त) **"थोक बजार"** भन्नाले कुनै उत्पादक वा विक्रेताले अर्को विक्रेतालाई पशुपंक्षीजन्य वस्तु बिक्री वितरण गर्ने थोक सामाग्री र मूल्यलाई सम्झनुपर्छ ।

(थ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले इस्मा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(द) **"बिक्रेता"** भन्नाले पशुपंक्षीजन्य वस्तुहरू बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, पशुपालन फार्म, सहकारी संस्था, कम्पनी वा एजेन्ट बिक्रेता समेतलाई सम्झनुपर्छ ।

(ध) **"मन्त्रालय"** भन्नाले संघ तथा प्रदेशको पशु स्वास्थ्य तथा पशुपंक्षी विकास क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनुपर्दछ ।

(न) **"व्यवसायिक पशुपंक्षीजन्य करार"** भन्नाले व्यवसायिक पशुपंक्षीजन्य वा पशुपंक्षी फार्मको सञ्चालन, पशुपंक्षीजन्य वस्तुको व्यावसायिक उत्पादन, खरिद, विक्री, सञ्चय र बजारीकरण गर्न वा पशुपंक्षीजन्य व्यवसाय प्रबर्द्धन गर्न दुई वा सो भन्दा बढी पक्षहरु वीच भएको सम्झौता वा व्यवसायिक पशुपंक्षीजन्य करारलाई सम्झनु पर्दछ । यस शब्दले व्यवसायिक पशुपंक्षीजन्य प्रयोजनको लागि व्यक्तिगत वा संस्थागत रुपमा लिजमा लिन दिन वा कृषिजन्य उद्योगको लागि पशुपंक्षीजन्य वस्तु उत्पादन वा आपुर्ति गर्न दुई वा दुईभन्दा बढी पक्षहरूबीच क्षेत्रफल, परिमाण, मूल्य र गुणस्तरको आधारमा भएको करारलाई समेत जनाउँछ ।

(प) **"वडा"** भन्नाले इस्मा गाउँपालिकाको वडा सम्झनुपर्छ ।

(फ) **"समिति"** भन्नाले यस कार्यबिधिको दफा ५ बमोजिम गठन भएको पशुपंक्षीजन्य बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ब) **"सभा"** भन्नाले इस्मा गाउँसभालाई सम्झनुपर्छ ।

(भ) **"संकलन केन्द्र"** भन्नाले कृषकहरुले दोस्रो बजारमा विक्री गर्ने उद्देश्यले पशुपंक्षीजन्य उपज संकलन गरेर विक्रेतालाई विक्री गन स्थल सम्झनु पर्छ ।

(म) **"हाट-बजार"** भन्नाले पशुपंक्षीजन्य उपज लगायत अन्य स्थानीय उत्पादन विक्री गर्ने उद्देश्यले स्थानीय तहबाट स्वीकृत

लिई साप्ताहिक,पाक्षिक वा मासिक रुपमा संचालन हुने अस्थायी वा स्थायी बजारलाई संझनुपर्छ ।

(य) **"वधस्थल वा वधशाला"** भन्नाले मासुको लागि प्रयोग गरिने पशुपंक्षीजन्य वस्तुको सुरक्षित काट्मार गरिने स्थललाई सम्झनुपर्छ ।

(र) "**शाखा**" भन्नाले यस कार्यबिधि अनुसार विषयगत शाखा अन्तर्गत पशु विकास शाखा सम्झनुपर्छ ।

## परिच्छेद २

## पशुपंक्षीजन्य बजारसम्वन्धी व्यवस्था

३. **पशुपंक्षीजन्य बजारको स्थापना**: (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको कुनै पनि स्थानमा पशुपंक्षीजन्य बजारको स्थापना गर्न सक्नेछ ।

(२) पशुपंक्षीजन्यसम्वन्धी सहकारी वा पशुपंक्षीजन्य सम्वन्धी व्यवसायिक संस्थाले सम्वन्धित गाउँपालिकाको अनुमति लिई पशुपंक्षीजन्य बजारको स्थापना गर्न सक्नेछ ।

४. **पशुपंक्षीजन्य बजारको वर्गीकरण** :(१) यस कार्यबिधिको दफा ३ बमोजिम स्थापना हुने पशुपंक्षीजन्य बजारको वर्गीकरणदेहाय बमोजिमको हुनेछ :-

(क) थोक बजार,

(ख) खुद्रा बजार,

(ग) हाट-बजार,

(घ) संकलन केन्द्र,

(ङ) चिस्यान केन्द्र,

(च) डेरी पसल ।

(२) उपदफा (१) बमोजिमको बजार सञ्चालनवापत लाग्ने शुल्क सभाले तोके बमोजिम हुनेछ ।

(३) बजार सञ्चालन सम्वन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

५. पशुपंक्षीजन्य बजार सञ्चालन तथा व्यवस्थापन समितिः (१) यस कार्यबिधिको दफा (३) बमोजिम स्थापना भएको पशुपंक्षीजन्य बजारको सञ्चालन तथा व्यवस्थापन गर्नको लागि पशुपंक्षीजन्य बजार तथा व्यवस्थापन समिति रहनेछ ।

(२) पशुपंक्षीजन्य बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-३

## पशुपंक्षी जन्य स्वास्थ्य प्रवर्द्धनतथा अनुदान सम्बन्धी व्यवस्था

६.पशुपंक्षी जन्य स्वास्थ्य प्रवर्द्धन सम्बन्धी व्यवस्था  गर्न सकिनेः- १) गाउँपालिकाको कार्यक्रम अनुसार पशुपंक्षीजन्य उपज उत्पादन गर्न निरन्तर तथा आवधिक रुपमा स्वास्थ्य सेवा पुर्याउने व्यवस्था मिलाउन सकिनेछ ।

२) गाउँपालिकाको निर्णय बमोजिम स्वास्थ्य सेवा प्रबर्द्धन गर्ने जस्ता शिविर सञ्चालन गरी पशु स्वास्थ्य तथा बाँझोपन निवारण समबन्धी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

३) पशुपंक्षीजन्य  स्वास्थ्य प्रबर्द्धन सम्बन्धी खोप तथा औषधि वितरण जस्ता कार्यक्रमहरु वडा कार्यालयको पहुँच साथै विभिन्न समयमा समुदायस्तरबाट समेत सेवा प्रबर्द्धन गर्ने व्यवस्था मिलाउन सकिनेछ ।

७. पशुपंक्षी जन्य अनुदान सम्बन्धी व्यवस्था  गर्न सकिनेः- १) गाउँपालिकाको कार्यक्रम अनुसार पशुपंक्षीजन्य उपज उत्पादन गर्न अनुदानको व्यवस्था मिलाउन सकिनेछ ।

२) गाई, भैंसी जस्ता पशु उपजहरुमा नश्ल सुधार गर्न कृतिम गर्भाधान गराउने व्यवस्था गर्न सकिनेछ । कृतिम गर्भाधान गराउने पशुपालकहरुलाई अनुदानको व्यवस्था गर्न सकिनेछ ।

३) घाँस खेतीमा आधारित पशुपालक/कृषकहरुलाई विभिन्न प्रजातिका बीउ, बेर्ना तथा औषधिहरु अनुदानमा व्यवस्था गर्न सकिनेछ ।

४) चिस्यान केन्द्र, डेरी पसल, विभिन्न बजारको लागि आवश्यक पर्ने सामग्री, यन्त्र, उपकरण लगायत प्रविधिहरुको व्यवस्था आँशिक अनुदान तथा पूर्ण अनुदानमा उपलब्ध कार्यपालिकाको निर्णय बमोजिम गराउन सकिनेछ ।

| सि.नं. | सहयोग गरिने मेसिन, उपकरण | सहयोग प्रतिशत | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष |
|---|---|---|---|---|---|
| १. | <u>चिस्यान केन्द्र</u><br>५०० लि.<br>चिलिङ भ्याट<br>१००० लि.<br>२००० लि. | ७५ | | | |
| २. | <u>डेरि पसल</u><br>डिप फ्रीज<br>रेफ्रिजेरेटर<br>मिल्क क्यान | ७५ | | | |

**८. व्यवसायिक किसानका लागि प्रोत्साहन गर्न सकिनेः**

(१) लगातार २० वर्ष सम्म व्यवसायिक किसानको रुपमा पशुपालन गरेमा गाउँपालिकाबाट पेन्सन वा सामाजिक सुरक्षाको व्यवस्था गरिनेछ ।

(२) व्यवसायिक किसानलाई थप व्यवसायी बनाउन प्रति महिना उत्पादनको अबस्था अनुसार अनुदान उपलब्ध गराईनेछ ।

(३) व्यवसायिक किसानको गोठ, फर्ममा मासिक रुपमा अनुगमन गरी थप प्राविधिक सल्लाह प्रदान गरिनेछ ।

(४) घाँसका बिउ, बेर्ना निःशुल्क रुपमा उपलब्ध गराईनेछ ।

(५) प्रत्येक ६-६ महिनामा व्यवसायिक किसानको पायक पर्ने गरी आन्तरिक तथा बाह्य परजीवीको लागि गोबर परीक्षण तथा औषधि वितरण समेत गरिनेछ ।

(६) श्रोत र साधनले भ्याएसम्म गोठ, खोर, भकारो सुधारको लागि आर्थिक सहयोग गरिनेछ ।

(७) प्रत्येक १.५ वर्षमा बोका र ४ वर्षमा राँगो, साँढेको व्यवस्था मिलाईनेछ ।

(८) प्राप्त बोका र साँढे उक्त अवधिमा अर्को फार्म तथा समूहमा फिर्ता गर्ने ब्यबस्था गराईनेछ ।

(९) व्यवसायी किसानलाई अन्तर समूह, फार्म, अन्तरजिल्ला भ्रमण गराईनेछ ।

(१०) उत्पादित वस्तुको बजारीकरणको लागि ब्यवस्था गरिनेछ ।

(११) व्यवसायिक फर्मको लागि ऋृणको आवश्यकता परेमा वित्तीय संस्था बैंकमा सहजीकरण गरिनेछ ।

(१२) गाउँपालिकाभित्र दूध उत्पादनमा बृद्धि गराउन लगाई स्वच्छ दूध उपभाक्तालाई उपलब्ध गराईनेछ ।

(१३) सहकारी संस्था जसले वार्षिक ९०,००० लि. दूध खरिद विक्री गर्दछ,उक्त संस्थालाई वार्षिक रुपमा अनुदान उपलब्धगराईनेछ ।

(१४) उत्कृष्ट कृषक, फार्मलाई वार्षिक रुपमा पुरस्कारको व्यवस्था मिलाईनेछ । पुरस्कारको राशि रु. ५०००।- हुनेछ ।

(१५) पशु बीमा गराउनको लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ । किसानले तिर्ने रकमको ५० प्रतिशत रकम गाउँपालिकाले बेहोर्नेछ ।

(१६) पशुजन्य पदार्थ उत्पादित सहकारीहरुलाई उत्पादनको आधारमा सहयोग गर्ने नीति लिईएकोछ ।

(१७) १०० के.जी भन्दा बढि बोका खसि बार्षिक रुपमा सहकारी मार्फत बिक्री गर्ने किसानलाई प्रति किलो रु.२५।-कादरले उपलब्ध गराइनेछ ।

(१८) आगामी बर्ष देखि ब्याबसायी किसानको हितकोलागि निजले बिक्रीगरी प्राप्त रकमको गाउँपालिकाबाट १० प्रतिशत र किसानबाट १० प्रतिशत रकम जम्मा गरी कल्याणकारी कोषमा जम्मा गरिने ब्यबस्था मिलाइनेछ ।

(१९) मासिक ५० लि. भन्दा बढि दूध बिक्री गर्ने किसानलाई प्रति लिटर रु ५।- अनुदान उपलब्ध गराइनेछ ।

(२०) बार्षिक १४०० गोटा भन्दा बढि अन्डा उत्पादन गरी बिक्री गर्ने किसानलाई प्रति अन्डा रु.२।- का दरले अनुदान उपलब्ध गराइनेछ ।

(२१) बार्षिक ३६ किलो घिउ भन्दा बढि उत्पादन गरी बिक्री गर्ने किसानलाई प्रति किलोा रु.५०।- का दरले अनुदान उपलब्ध गराइनेछ ।

(२२) खोर सुधार कार्यक्रममा प्रति माउँ बाखा बराबर १०००। अनुदान उपलब्ध गराइनेछ ।

(२३) घाँसका बिउ जै, भेच, स्टाइलो, बर्षिम, मोलासेस तथा अन्य घाँसका बिउ उत्पादन गर्ने किसानलाई प्रति किलो रु.१०।- का दरले अनुदानको ब्यबस्था गरिनेछ तर जै घास - १०० केजी बर्षिम घाँस-५० केजी भेच ,स्टाइलो, मोलासेस-५० केजी भन्दा कम उत्पादन लाइ मान्यता दिइने छैन ।

(२४) यस गाउँपालिका अन्तर्गत २ वटा खसि बोका संकलन केन्द्र स्थापनाको लागि पहल गरिनेछ ।साथै उक्त ठाउँमा तौल गर्ने मेशिनको समेत ब्यबस्था गरिनेछ ।

(२५) यसरी ५ बर्ष भित्र गरीबीको संख्या हालको २१.६ प्रतिशतबाट घटाई १० प्रतिशतमा झार्ने लक्ष्य गाउँपालिकाले लिएको छ ।

(२६) प्रत्येक वडामा औषधि लगायत अन्य सामाग्री उपलब्ध गराइनेछ ।

(२७) कार्यक्रम अनुगमन कार्यलाई निरन्तर्ता दिइनेछ ।

(२८)आगामी आ.ब.देखिकेन्द्र स्थापना गर्ने कार्य अगाडि बढाइनेछ ।

(२९) यसै बर्षदेखि किसान परिचय पत्र बितरण कार्यक्रम संचालन गरिनेछ ।

**९.स्थानीय तह मार्फत लैङ्गिक मूलप्रवाहीकरणसम्बन्धी व्यवस्थाः**

(१) आवश्यकता पहिचान, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कनमा सक्रिय सहभागिताको लागि महिला तथा सामाजिक रुपले पिछडिएका समूह वा वर्गलाई प्रोत्साहित गरिनेछ ।

(२) महिला तथा पिछडिएका समुदायको लागि अवसर र फाईदाको पहुँच बढाउने किसिमका क्रियाकलापहरुको पहुँच निर्धारण गरिनेछ ।

(३) गाउँपालिका, जिल्ला र प्रदेश स्तरमा कार्यान्वयन गरिने हरेक किसिमको क्रियाकलापहरुमा कम्तीमा ४५ प्रतिशत महिला संलग्न गराइनेछ ।

(४) आयआर्जन तथा व्यवसायीकरण कार्यक्रम सञ्चालन गर्दा विभिन्न समूहमा ४५ प्रतिशत महिला संलग्न गराइनेछ ।

(५) महिला र पुरुष कृषकको लागि लैङ्गिक सचेतना तालिम तथा समितिका अगुवा महिलालाई नेतृत्व विकास तालिम आयोजना गरिनछसाथै अनुगमन समेत गरिनछ ।

(६) सबै क्रियाकलापको जातजाति अनुसार लैङ्गिक खण्डिकृत तथ्याङ्क र सूचना अद्यावधिक गर्ने ।

(७) दिगो उद्यम विकास कार्यक्रममा सबै अवसरका लागि इच्छुक महिलाहरु छनोट गर्ने तथा गराइनेछ ।

## परिच्छेद-४

**१०. स्थानीय पशुपंक्षी विकास समन्वय समितिः** (१) पशुपंक्षीजन्य क्षेत्रको समग्र विकास तथा प्रवर्द्धन लगायतका कार्य गर्न इस्मा गाउँपालिकामा एक स्थानीय पशुपंक्षी विकाससमन्वय समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोमिजका सदस्यहरु रहनेछन् :-

(क) अध्यक्ष – संयोजक

(ख) उपाध्यक्ष – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) गाउँ कार्यपालिकाको दुईजना महिला सदस्य – सदस्य

(ङ) विषयगत समितिको संयोजक – सदस्य

(च) गाउँपालिकाको पशु विकास शाखा प्रमुख – सदस्य सचिव

(३) समितिलेसम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिले यस कार्यबिधिको उद्देश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार विभिन्न उप–समितिहरु गठन गर्न सक्नेछ ।

(६) समितिको सचिवालय गाउँपालिकाको पशुपंक्षीजन्य क्षेत्र हेर्ने शाखामा रहनेछ ।

(७) इस्मा गाउँपालिका क्षेत्रभित्र पशुपंक्षी विकाससँग सम्बन्धित सहकारी, समूह, फर्म स्थापना गरी कार्यक्रम व्यवस्थापन गर्न सकिनेछ । हरेक टोलटोलमा यसप्रकारका संस्था स्थापना गर्न सहजी करण गरिनेछ ।

११. समितिको काम, कर्तव्य र अधिकार : यस कार्यबिधिमा अन्यत्र व्यवस्था भएदेखि वाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्थानीयस्तरमा पशुपंक्षीजन्य व्यवसाय प्रवर्द्धन गर्न आवश्यक नीति तथायोजना तर्जुमा गर्ने,

(ख) पशुपंक्षीजन्य व्यवसाय प्रवर्द्धन गर्न संघीय तथा प्रादेशिक निकायसँग समन्वय र सहकार्य गर्ने,

(ग) पशुपंक्षीजन्य व्यवसायको प्रवर्द्धन गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने,

(घ) पशुपंक्षीजन्य व्यवसायको प्रवर्द्धनगर्ने सम्बन्धमा कार्यकम संचालन गर्ने,

(ङ) पशुपंक्षीजन्य व्यवसाय प्रवर्द्धन गर्न आवश्यक पर्ने सीप, प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्था गर्न प्रवर्द्धनात्मक कार्यहरु गर्ने,

(च) पशुपंक्षीजन्य व्यवसाय प्रवर्द्धन कोषको सञ्चालन गर्ने,

(छ) तोकिए बमोजिमको अन्य आवश्यक कार्यगर्ने ।

१२. <u>पशुपंक्षी जन्य व्यवसायलाई सुविधा दिने</u>ः-(१) गाउँपालिकाले पशुपंक्षीजन्य व्यवसायका लागि देहाय बमोजिम छुट तथा सुविधा दिन सक्नेछ :-

(क) स्थानीय कर निकासी शुल्क

(ख) पशुपंक्षीजन्य व्यवसायप्रवर्द्धन सम्बन्धी प्रविधिप्रयोग र विस्तारमा अनुदान जस्तै ढुवानी साधन, यान्त्रिक उपकरण आदि ।

(ग) समूह, समिति, सहकारी लगायत फर्ममा आबद्ध व्यवसायी पशुपालकहरुलाई व्यवसायप्रवर्द्धन सम्बन्धी तालिम, अवलोकन भ्रमण, गोष्ठी जस्ता कार्यक्रममा सहभागी गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम दिइने छुट तथा सुविधाहरु तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम दिइने सुविधाको अतिरिक्त अन्य सुविधासमितिको सिफारिसमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१३.<u>पशुपंक्षी जन्यव यवसायिक ऋण</u>ः (१) कुनै पनि बैंक वा वित्तीय संस्थाले सो संस्थाको नियम बमोजिम पशुपंक्षी जन्य व्यवसायिक ऋण उपलव्ध गराउन सक्नेछ ।

(२) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यबिधि बमोजिमको व्यावसायिक पशुपंक्षीजन्य करार सम्बन्धी

सम्झौतालाई धितोको रूपमा स्वीकार गरी कुनै बैंक वा वित्तीय संस्थाले उपदफा (१) बमोजिमको ऋण उपलव्ध गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम उपलव्ध गराउने ऋणलाई सरकारको अति प्राथमकिता क्षेत्रमा कर्जा लगानी गरेको सरह मानीसो वापत उक्त बैंक वा वित्तीय संस्थाले पाउने सुविधा समेत पाउन सक्नेछ ।

## परिच्छेद-५

## कोषको स्थापना तथा सञ्चालन

१४. **कोषको स्थापना** : (१) पशुपंक्षी जन्य व्यवसाय प्रवर्द्धन गर्नकालागि एक छुट्टै पशुपंक्षी जन्य व्यवसाय प्रवर्द्धन कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) संघीय तथाप्रादेशिक सरकारबाट प्राप्त रकम,

(ख) गाउँपालिकाबाट प्राप्त रकम,

(ग) नेपाल सरकारबाट विदेशी सरकार, अन्तराष्ट्रिय संघ संस्थासँग सम्झौता गरी स्थानीय तहमा विनियोजित रकम वापत प्राप्त रकम

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि संघीय अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

१५. **कोषको सञ्चालन** :(१) गाउँपालिकाको नीति, कानून तथा निर्देशन बमोजिम पशुपंक्षीजन्य व्यवसायको प्रवर्द्धन गर्नका लागि कोषको रकम खर्चगरिनेछ ।

(२) कोषको सचिवालय गाउँपालिकाअन्तर्गतको पशु विकास शाखामा रहनेछ ।

१६. **कोषको सञ्चालन सम्बन्धी व्यवस्था:** (१)समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च दफा १२ बमोजिमको कोषबाट तोकिए बमेजिम व्यहोरिनेछ ।

(२) समितिको कोषमा रहेको रकम समितिले प्रचलित कानून बमोजिम कुनै बैकमा खाता खोली जम्मा गर्नेछ ।

(३) समितिको कोषको सञ्चालन समितिको अध्यक्ष वा सदस्य-सचिव र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१७. **लेखा र लेखापरीक्षण** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

२) कोषको लेखापरीक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद-६

## व्यवसायिक पशुपंक्षी जन्यक रार(लिज)

१८. **व्यवसायिक पशुपंक्षी जन्य करार गर्न सकिने** : (१) यस कार्यबिधि बमोजिम पशुपंक्षीजन्य व्यवसायको प्रवर्द्धन गर्न दुई वा दुई भन्दा बढी पक्षबीच व्यवसायिक पशुपंक्षीजन्य करार गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम करार गर्दा प्रचलित नेपाल कानूनको अधिनमा रही पक्षहरुको आपसी सहमतिमा विद्युतीय प्रणालीको माध्यमबाट समेत गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको करार गर्दा अपनाउनु पर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

१९. **जग्गा तथा भौतिक साधन उपलब्ध गराउन सकिनेः** कुनै व्यक्ति, संस्था वा निकायले पशुपंक्षी जन्य व्यवसाय गर्ने प्रयोजनका लागि व्यक्ति, पशुपंक्षीजन्य फार्म वा व्यवसायी, कृषक समूह वा त्यस्ता कृषक/पशुपालक समुह मिलेर बनेको समिति, सहकारीलाई जग्गा तथा भौतिक सम्पत्ति करार गरी उपलब्ध गराउन सक्नेछ ।

२०. **जग्गा तथा भौतिक साधन माग गर्न सक्नेः** (१) कुनै कृषक वा पशुपालकव्यवसायीले व्यावसायिक रुपमा पशुपंक्षीजन्य सम्बन्धी कार्य गर्नको लागि प्रचलित कानूनको प्रतिकूल नहुने गरी करार

बमोजिम जग्गा तथा भौतिक साधन प्राप्त गर्न दफा १७ बमोजिमका व्यक्ति वा निकायसँग माग गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम जग्गा तथा भौतिक साधन माग भई आएमा निश्चित अवधि तोकी प्रचलित कानून बमोजिम सम्बन्धित निकायले करारमा जग्गा तथा भौतिक साधन उपलव्ध गराउन सक्नेछ ।

(३) जग्गातथा भौतिक साधन उपलब्ध गराउने सम्बन्धी प्रक्रिया तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) पशुपंक्षी जन्य व्यवसाय नगरी लगातार २ बर्षसम्म खाली तथा बाँझो वा काम नगरी रहेको कृषियोग्य जमिन नेपाल सरकारले तोकिए वमोजिम पशुपंक्षी जन्य प्रयोजनका लागि प्रयोगमा ल्याउन सक्नेछ ।

२१.**साझेदार संस्थाको छनोट** सहकारी, निजि व्यवसायीले चिस्यान केन्द्र, डेरी पसल वा साना डेरी स्थापना गर्न निवेदन गर्नुपर्नेछ । गाउँपालिकाबाट परियोजनाको स्थलगत निरीक्षण गर्नेछ । सो स्थल जनप्रतिनिधिलाई प्राविधिक हिसावले लगानीको लागि चित्त बुझ्दो हुनुपर्दछ । सो स्थल अनुपयुक्त देखेमा साझेदार गर्न ईच्छुक संस्थाले वैकल्पिक उपयुक्त स्थल देखाउनु पर्नेछ । छनोट भईसकेपछि साझेदार संस्थाबिच सम्झौता गरी कार्यक्रम गर्न अनुमति दिईनेछ ।

२२. स्वामित्व हस्तान्तरण नहुनेः यस कार्यबिधिको दफा १७ बमोजिम कुनै जग्गा वा भौतिक साधन उपलब्ध गराएको अवस्थामा करार गरेको वा लिजमा लिएको कारणले मात्र जग्गा वा भौतिक साधनमा करारका पक्षको स्वामित्व हस्तान्तरण हुने छैन ।

२३. पुनःकरार गर्न नहुने : यस कार्यबिधि बमोजिम करार गर्ने पक्षले दोश्रो पक्षको सहमती नलिइ सोही बिषयमा तेश्रो पक्षसँग पुनः करार गर्न पाउने छैनन ।

२४. <u>व्यवसायिक पशुपंक्षी जन्य करारका विषय वस्तुहरू</u> : (१) यस कार्यबिधि बमोजिम पशुपंक्षीजन्य व्यवसायिक करार गर्दा करारको प्रकृति र अवस्था अनुरुप अनुसूची–मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) यस कार्यबिधिको प्रतिकुल नहुने गरी पक्षहरूको सहमतिमा उपदफा (१) मा उल्लेखित विषय बाहेकका अन्य उपयुक्त विषय वस्तुहरु समेत व्यवसायिक पशुपंक्षी जन्य व्यवसायिक करारमा समावेश गर्न सकिनेछ ।

२५. <u>व्यवसायिक पशुपंक्षी जन्य व्यवसायिक करारका पक्षहरूको दायित्वः</u>

(१) यस कार्यबिधिको दफा १७ वा १८ बमोजिम पशुपंक्षी व्यवसाय सञ्चालन गर्न लिएको जग्गा तथा भौतिक साधनमा पक्षहरूको दायित्व यस कार्यबिधिमा उल्लेख भएका अतिरिक्त अन्य दायित्व करारमा तोकिए बमोजिम हुनेछ ।

(२) पशुपंक्षीजन्य वस्तुको परिमाण वा क्षेत्र तोकी गरिने व्यवसायमा पक्षहरूको दायित्व पक्षहरूबीच करारभएकोमा यस कार्यबिधिमा उल्लेख भएको अतिरिक्त अन्य कुराहरू करारमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) व्यवसायिक पशुपंक्षीजन्यकरार गर्ने पक्षहरूले पशुपंक्षीजन्यकरार प्रयोजनको लागि पशुपंक्षीजन्यउपज उत्पादन सामग्री, प्रविधि र ऋण वा अन्य सहायता आफै वा वित्तीय संस्थाहरू मार्फत तोकिएका शर्तहरूको आधारमा उपलब्ध गराउने गरी आ-आफ्नो दायित्व निर्धारण गर्न सक्नेछन् ।

(४) व्यवसायिक पशुपंक्षीजन्यकरार गर्ने पक्षहरुले प्रचलित कानूनको प्रतिकूल नहुने गरी गर्नुपर्नेछ ।

२६. <u>करार पूरा गर्नु पर्ने समय र तरिकाः</u> (१) करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख भएकोमा उल्लिखित समयभित्र र उल्लिखित तरिका बमोजिम करार पूरा गर्नु पर्नेछ ।

(२) करार बमोजिमको काम गर्न करारमा कुनै समय वा तरिका तोकिएको रहनेछ तर सो काम कुनै खास समयमा वा कुनै खास तरिकाले मात्र गर्न सकिने रहेछ भने सोही समयमा सोही तरिका बमोजिम गर्ने गरी करार भएको मानिनेछ ।

(३) उपदफा (२) मा लेखिएको अवस्थामा बाहेक करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख नभएमा उचित समयभित्र उपयुक्त तरिका अपनाई पूरा गर्नु पर्नेछ ।

२७. **करार पूरा गर्ने स्थान:** (१) करार बमोजिम काम पूरा गर्न कुनै निश्चित स्थान तोकिएको रहेछ भने सो काम सोही स्थानमा पूरा गर्नु पर्नेछ ।

(२) करार बमोजिम कुनै एक पक्षले अर्को पक्षलाई कुनै मालसामान दिने वा बुझाउने स्थान करारमा तोकिएको रहेछ भने सोही स्थानमा नै दिनु वा  बुझाउनु पर्नेछ ।

(३) करार बमोजिम काम गर्ने निश्चित स्थान नतोकिएको तर सो काम कुनै खास स्थानमा मात्र गर्न सकिने वा चलन व्यवहार वा सो कामको प्रकृति अनुसार कुनै खास स्थानमा मात्र गर्नु पर्ने किसिमको रहेछ भने सो काम सोही स्थानमा गर्ने गरी करार भएको मानिनेछ ।

(४) उपदफा (२) र (३) मा लेखिएदेखि बाहेक अन्य अवस्थामा करार बमोजिम काम गर्ने स्थान करारमा उल्लेख भएको रहेनछ भने करार बमोजिम काम गर्ने पक्षले अर्को पक्षलाई मनासिब माफिकको स्थान तोकिदिन सूचना गर्नु पर्नेछ र अर्को पक्षले पनि सो काम गर्न मनासिब माफिकको स्थान तोकिदिनु पर्नेछ ।

२८. **करार पूरा गर्नु नपर्ने अवस्था:** देहायका अवस्थामा करार बमोजिम काम गर्न आवश्यक पर्ने छैन ।

(क) करारको एक पक्षले अर्को पक्षलाई करार बमोजिमको दायित्व पूरा गर्नु नपर्ने गरी छुट दिएमा,

(ख) बदर गराउन सकिने करार बदर गराउन पाउने पक्षले बदर गराएमा,

(ग)अर्को पक्षले करार उल्लंघन गरेको कारणबाट करारको परिपालना हुन नसक्ने भएमा,

(घ) यस कार्यबिधिको कुनै व्यवस्था बमोजिम करार बमोजिमको काम गर्नु नपर्ने भएमा,

(ङ) करार गर्दाको परिस्थितीमा आधारभूत परिवर्तन भै करारको परिपालना गर्न असम्भव भएमा ।

२९. <u>करार दर्ता गर्नु पर्ने</u> : (१) यस कार्यबिधि अन्तर्गत सम्पन्न गरिएका करारहरुसम्भ्फौता भएको मितिले पैंतिस दिनभित्र सम्वन्धित गाउँपालिकामा दर्ता गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम करार दर्ता गर्दा तोकिए बमोजिमको दस्तुर लाग्नेछ ।

(३) दर्ता नगरिएको करारको आधारमा नेपाल सरकार वा अन्य निकायले दिने सुविधा वा सहुलियत दिने प्रयोजनको लागि मान्यता प्राप्त गर्नेछैन ।

(४) उपदफा (१) बमोजिम भएको करारको आधिकारिक प्रति गाउँपालिकाको तोकिएको अधिकारीले अनिवार्य रूपले राख्नुपर्ने छ ।

(५) उपदफा (१) बमोजिमको करारदर्ता गर्न दुवै पक्षहरू स्वयम् वा उनीहरूको कानुन बमोजिमको प्रतिनिधि उपस्थित हुनुपर्नेछ ।

(६) गाउँपालिकाले कुनै व्यवसायी वा कृषकले पशुपंक्षी जन्य व्यवसायिक करार दर्ता गर्न ल्याएकोमा दर्ता गर्ने अधिकारीले यस कार्यबिधि बमोजिम उल्लेख हुनुपर्ने कुनै कुरा उल्लेख नभएको वा अनुचित प्रावधान उल्लेख भएकोमा सो परिमार्जन गरेर मात्र दर्ता गर्न आदेश दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम दिइएको आदेश करारका पक्षहरूले पालन गर्नुपर्नेछ ।

## परिच्छेद-७

## विवाद समाधान

३०. **विवादको समाधान** : (१) यस कार्यबिधि अन्तर्गत गरिएका पशुपंक्षी जन्य व्यवसायिक करारको कार्यान्वयनको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा पक्षहरूले आपसी बार्ताबाट त्यस्ता विवादहरू समाधान गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम वार्ताबाट विवाद समाधान हुन नसकेमा पक्षहरुले प्रचलित कानुन बमोजिम स्थानीय न्यायिक समितिमा निबेदन दिनुपर्नेछ ।

(३)उपदफा (२) बमोजिम निबेदन पर्न आएमा स्थानीय न्यायिक समितिले पैंतिस दिन भित्र मेलमिलापको माध्यमबाट विवादको टुंङ्गो लगाउनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम भएको विवादको टुंङ्गो उपर चित्त नवुझ्ने पक्षले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम ३५दिनभित्र सम्वन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिम मेलमिलाप बाट विवाद समाधान हुन नसकेमा पक्षहरुले प्रचलित कानून बमोजिम मध्यस्थता सम्बन्धी कारवाही अगाडी बढाउन समेत सक्नेछन् ।

(६) मध्यस्थता सम्बन्धी कारवाही अगाडी बढाउँदा मध्यस्थकर्ताको नाम करारमा नै उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

(७) उपदफा (६) बमोजिम करारमा नाम उल्लेख नभएकोमा पक्षहरूका प्रतिनिधि, स्थानीय तहका प्रतिनिधि वा स्थानीय तहबाट तोकिएका बिषयविज्ञ वा मेलमिलाप कर्ता सहितको मध्यस्थता समितिको गठन गरिनेछ ।

(८) उपदफा (७) बमोजिम मध्यस्थता चयनको लागि दुबै पक्षहरूबाट अनुरोध भई आएमा सम्वन्धित व्यक्ति वा

कार्यालयले अनिवार्य रूपमा सात दिनभित्रमा लिखित सहमति वा असहमति दिनु पर्नेछ ।

(९) मध्यस्थता समितिले उजुरी परेको सात दिनभित्र वार्ताद्वारा विवादको समाधान गर्नु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम विवाद समाधान हुन नसकेमा सम्वन्धित पक्षलाई उजुरी उपर सात दिनको म्याद दिई प्रतिवाद गर्ने मौका दिनुपर्नेछ ।

(११) उपदफा (१०) बमोजिमको समयावधिभित्र सम्वन्धित पक्षले प्रतिवाद गरी वा नगरी बसेमा सो व्यहोरा उल्लेख गरी मध्यस्थता समितिले थप सात दिनभित्रमा आफ्नो निर्णय दिनुपर्नेछ ।

(१२) उपदफा (११)बमोजिम मध्यस्थता समितिद्वारा गरिएको निर्णय अन्तिम हुनेछ ।

(१३) यस कार्यबिधि बमोजिम मध्यस्थता समितिद्वारा गरिएको निर्णय उपर चित्त नवुझ्ने पक्षले मध्यस्थता ऐन, २०५५ को म्यादभित्रै सम्बन्धित उच्च अदालतमा निवेदन दिन सक्नेछ ।

(१४) मध्यस्थता समितिको अन्य कार्यविधि करारमा उल्लेख भएकोमा सोही बमोजिम र अन्यका हकमा मध्यस्थता समितिले तोके बमोजिम हुनेछ ।

(१५) मध्यस्थकर्ताले पारिश्रमिक र सुविधा पक्षहरूबाट लिन सक्नेछन् ।

३१.<u>म्याद सम्बन्धमा</u> : यस कार्यबिधि बमोजिमको विवादमा पक्षको कावु वाहिरको परिस्थिति परी यस कार्यबिधिको दफा २७ को उप दफा (१०) बमोजिमको म्याद गुज्रन गएमा एक पटकलाई बढीमा पन्ध्र दिन म्याद थाम्न पाउनेछ ।

३२. <u>मध्यस्थता समितिको निर्णयको कार्यान्वयन</u> :(१) मध्यस्थता समितिको निर्णय भएको सात दिनभित्रमा पक्षहरूले निर्णय कार्यान्वयन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै पक्षले तोकिएको समयमा निर्णयको कार्यान्वयन नगरेमा त्यस्तो निर्णयको कार्यान्वयनमा जिल्ला प्रशासन कार्यालय र अन्य निकायको सहयोग लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्यालयले निर्णय कार्यान्वयन गर्ने शिलशिलामा सम्बन्धित पक्षको सम्पत्ति वा कारोबार रोक्का राख्न, त्यस्तो सम्पत्ति वा कारोबार रोक्का राखेकोमा फुकुवा गर्न लेखी पठाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम रोक्का वा फुकुवा गरिदिन अनुरोध भई आएमा सम्वन्धित मालपोत कार्यालय, बैंक वा वित्तीय संस्थाले त्यस्तो सम्पत्ति वा कारोबारको रोक्का वा फुकुवा गर्नु पर्नेछ ।

(५) मध्यस्थता सम्बन्धी बिषयमा यस कार्यबिधिमा उल्लेखित बिषयका हकमा यसै कार्यबिधि बमोजिम र अन्य बिषयका हकमा मध्यस्थता ऐन, २०५५ बमोजिम हुनेछ ।

## परिच्छेद-८

## विविध

३३. व्यवसाय दर्ता गर्नु पर्ने : (१) करार गरी पशुपंक्षी जन्य व्यवसाय सञ्चालन गर्न चाहने कृषक समूह/समिति, फार्म र सहकारी संस्था लगायतले दर्ता नगरी व्यवसाय सञ्चालन गर्नु हुदैन ।

(२) उपदफा (१) बमोजिमको व्यवसायको दर्ता प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ । निजले कर्मचारीलाई आवश्यकता अनुसार यस्तो करार दर्ता गर्नेअधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(३) व्यवसाय करार दर्ता तथा शुल्क लगायतका अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

३४. क्षतिपूर्ति सम्बन्धी व्यवस्था : (१) करार कार्यान्वयनको सन्दर्भमा कुनै पक्षका काम कारवाहीबाट अर्को पक्षलाई क्षति पुग्न गएमा करारमा नै क्षतिपूर्तिको मात्रा तोकिएकोमा सोही बमोजिम र नतोकिएको हकमा सम्झौताको प्रकृति, स्थलगत निरीक्षण, स्थानीय सर्जमिन, विशेषज्ञको राय, प्रचलित दरभाउ समेत बुझी सोको आधारमा

मर्का पर्ने पक्षलाई मध्यस्थता समितिले क्षतिपूर्ति भराइदिने निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्षको काबु वाहिरको परिस्थितिले गर्दा करारको यथावत् परिपालना हुन नसकेको अवस्थामा यस कार्यबिधि बमोजिमको दायित्व तिर्नु व्यहोर्नु पर्नेछैन । तर करार गर्दाको अवस्थामा पक्षवीच कुनै लेनदेन भएको रहेछ भने अवस्था हेरी मर्का पर्ने पक्षलाई लेनदेनको सामान, वस्तु वा नगद फिर्ता दिनु पर्नेछ ।

३५ <u>कारवाही चलाउने तथा दण्ड सजाय गर्ने अधिकारी</u> : (१) यस कार्यबिधि बमोजिम दण्ड सजाय गर्ने वा क्षतिपूर्ति भराउने अधिकार स्थानीय न्यायिक समितिलाई हुनेछ ।

(२) यस कार्यबिधि बमोजिम कारवाही तथा सजाय हुने मुद्दा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयको परामर्श तथा सहयोग लिनसक्नेछ ।

३६. <u>दण्ड सजाय</u> : (१) कसैले यस कार्यबिधिको देहाय बमोजिम कसुर गरेमा देहाय बमोजिमको सजाय हुनेछः

(क) दफा३ र ४ विपरीतपशुपंक्षीजन्य बजार स्थापना र सञ्चालन गरेमा पच्चीसहजार देखि पचासहजार रूपैयाँसम्म,

(ख) मनासिव कारण वेगर दफा २८ को उपदफा (२) को कार्य नगरेमा वा गर्न इन्कार गरेमा त्यस्तो कार्यालयको मुख्य भई कार्य गर्ने अधिकारी वा त्यस्तो कार्य कुनै अधिकारीलाई प्रत्यायोजन गरिएकोमा त्यस्तो जिम्मेवारी प्राप्त अधिकारीलाई पच्चीसहजारदेखि पचासहजार रूपैयाँसम्म,

(ग) दफा २९ बमोजिम क्षतिपूर्ति भर्ने आदेश दिएकोमा लापरवाही पूर्वक त्यस्तो क्षतिपूर्ति नदिएमा त्यस्तो अटेर गर्नेलाई पच्चीसहजारदेखि पचासहजार रूपैयाँसम्म ।

(घ) यस कार्यबिधि वा यस कार्यबिधि अन्तरगत बनेको अन्य कानून विपरीत कुनै कार्य गरी त्यसबाट कसैको हानीनोक्सानी भएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजबाट नै भराईनेछ ।

(ङ) अनुत्पादक माउ पशुपंक्षीहरुको सम्बन्धित शाखाबाट स्वास्थ्य परीक्षण नगरी अनधिकृत बिक्री वितरण गरेको पाईएमा रु. ५ हजारदेखि रु. २५ हजारसम्म जरिवाना गरिनेछ ।

३७. **पुनरावेदन** : यस कार्यबिधिको दफा ३४ बमोजिम दिएको सजायमा चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

३८. **बीमा सम्बन्धी व्यवस्था:** (१) यस कार्यबिधि बमोजिम करार गरी गरिएको पशुपंक्षी जन्य उपजको उत्पादनको सम्झौता अनुसूची को आधारमा गाउँपालिकाले तोकेको विमाकम्पनीले बीमागर्नेछ ।

(२) वीमा गर्ने प्रक्रियाका सम्बन्धमा वीमा समितिले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(३) यस कार्यबिधि बमोजिम गरिने व्यावसायिक पशुपंक्षी जन्य व्यवसायिक करार सम्वन्धित निकायमा दर्ता हुनासाथ सोही मितिबाट लागू हुने गरी सम्बन्धित वीमा कम्पनीले वीमा गर्न सक्नेछ ।

(४) कुनै वीमा कम्पनीले व्यावसायिक पशुपंक्षी जन्य करारको विमा गर्दा तिर्नु परेको क्षतिको अङ्क बराबर आफ्नो खुद करयोग्य आयबाट घटाउन पाउनेछ ।

५) बिमामा लाग्ने शुल्कको बढीमा ५० प्रतिशत रकम गाउँपालिकाले व्यहोर्नेछ ।

३९. **प्रचलित कानून बमोजिम हुने** : यस कार्यबिधिमा लेखिएको विषयमा यसै कार्यबिधि बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

४०. **वौद्धिक सम्पत्तिको संरक्षण गर्नु पर्ने:** यस कार्यबिधि बमोजिम पशुपंक्षी जन्य व्यवसायको प्रवर्द्धन गर्दा वा व्यवसायिक पशुपंक्षी

जन्य करार गर्दा वौद्धिक सम्पत्ति, भौगोलिक परिचय तथा कृषक अधिकार समेतको संरक्षण हुने गरी गर्नु पर्नेछ ।

४१. **नियम वनाउन सक्ने** : यस कार्य बिधिको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक अन्य कानून बनाउन सक्नेछ ।

४२. **थपघट वा हेरफेर गर्न सक्ने** : यो काय र्बिधिको कार्यन्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन इस्मा गाउँपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

४३. **बचाऊः** यस कार्यबिधिको उद्देश्य तथा बिषयक्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै कार्यबिधि वमोजिम भएको मानिनेछ ।

## अनुसूची-१

## पशुपंक्षी जन्य उद्यम, व्यवसायिक फर्म कार्ययोजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने कुराहरु

व्यवसायीले निम्नानुसारको ढाँचामा व्यावसायिक कार्ययोजना तर्जुमा गर्नुपर्नेछ ।

१. व्यवसायीको आधारभूत पक्षहरु

२. व्यवसायको छोटो चिनारी

३. व्यवसायले स्थानिय अर्थतन्त्रमा पुर्‍याउने योगदान

४. भौतिक पूर्वाधार विकासको अवस्था

५. संस्थागत विकासको अवस्था

**बजारीकरणका लागि योजना**

१. वस्तु वा सेवाको विवरण (कच्चा पदार्थ, उत्पादित वस्तु)

२. विक्री अनुगमन

३. विक्री मूल्य

४. प्रतिस्पर्धीसँगको तुलना

५. स्थान

६. बजार क्षेत्र

७. प्रमुख ग्राहक

८. कुल माग

९. प्रवर्द्दन उपाय

१०.बजार खर्च

११. बजार प्रवर्द्दन कार्यनीति ।

**उत्पादन योजना**

१. उत्पादन प्रकृया

२. स्थिर पूँजीको आवश्यकता

३. ह्रासकट्टी

४. मर्मत संभार

५. मेसिन औजारको श्रोत

६. लक्षित उत्पादन योजना

७. भविष्यको क्षमता

८. कामदार

९. कामदार लागत

१०. पूर्व सञ्चालन खर्च

११. प्रति ईकाई खर्च

**वित्तीय योजना**

१. पूँजीको आवश्यता (परियोजना लागत)

२. चालु पुँजीको आवश्यकता

३. कुल पुँजीको आवश्यकता

४. ऋणको ग्यारेन्टी

५. ऋणको आवश्यकता

६. प्रति ईकाई विक्री मूल्य

७. नाफा नोक्सान

८. लगानीमा प्रतिफल

**व्यवस्थापन पक्ष**

१. साङ्गठनिक ढाँचा २. आवश्यक जनशक्तिको अवस्था

३. प्राविधिक

४. प्रशासनिक

५. सहयोगी

वातावरणीय पक्ष

१. सकारात्मक प्रभाव

२. नकारात्मक प्रभाव

३. नकारात्मक प्रभाव छुट्याउने उपाय

## अनुसूची २

### निवेदन साथ हुनुपर्ने मुख्य कागजातहरुको विवरण

१. आधिकारिक निकायमा व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि

२. सञ्चालक, व्यवसायीहरुको नागरिकताको प्रतिलिपि

३. योग्यता, दक्षता, अनुभवको प्रमाणपत्रको प्रतिलिपि

४. प्रस्तावित व्यवसायको व्यवसायिक कार्ययोजना

५. आवश्यक पूँजीको श्रोत र व्यवस्थापन सम्बन्धी प्रतिवद्दता

## अनुसुची ३

### प्रस्तावित कार्यहरु कार्यान्वयन गर्ने जिम्मेवारी

| सि.नं. | उपलब्ध गराउने | गाउँपालिका | व्यवसायी |
|---|---|---|---|
| १. | निर्माण कार्य | | |
| २. | औजार खरिद तथा जडान | | |
| ३. | व्यवसाय सञ्चालन पुर्व खर्च | | |
| ४. | प्राविधिक सहयोग | | |
| ५. | व्यवसाय कार्ययोजना तयार | | |
| ६. | प्रारम्भिक परीक्षण | | |
| ७. | तलिम | | |
| ८. | व्यवसाय व्यास्थापन | | |
| ९. | क्षमता बृद्धि | | |
| १०. | बजार व्यवस्थापन | | |
| ११. | साझेदार संस्थाको लगानी | | |

## अनुसूची ४
## व्यवसायी छनोट आधारहरु

| सि. नं. | मापदण्ड | अधिकतम अंक | प्रदान अंक | अंक प्रदानका आधारहरु |
|---|---|---|---|---|
| १. | व्यवसायीको अनुभव | २० | - | |
| २. | न्युनतम संरचनाको आधारमा | ३० | - | |
| ४. | बीमाको आधार | ५ | - | |
| ५. | बजार व्यवस्थापन | - | - | - |
| ६. | साझेदार संस्थाको लगानी | ५ | - | - |
| ७ | सरसफाइको आधार | १० | | |

## अनुसूची ५
## प्रस्तावित परियोजना विवरण

१. साझेदारको नाम :
२. ठेगाना :   वडा नं.:   जिल्ला :   विकास क्षेत्र :
३. टेलिफोन नं. :
४. चिस्यान केन्द्र, डेरी पसल वा साना डेरी स्थापना गर्ने क्षेत्रफल :
आफ्नै :   खरिद गरिएको :   भाडामा लिएको :
५. संलग्न कृषक संख्या, सेवा पुर्‍याएको वा पुर्‍याउने :
६. दुध प्रशोधन परिमाण :
७. प्रस्तावित दुध सङ्कलन तथा प्रशोधन परिमाण :
८.आवश्यक भौतिक पूर्वाधार पर्याप्त छ वा छैन पर्याप्त, अपर्याप्त व्यवस्था हुन सक्ने वा नसक्ने) पानी, विद्युत, बाटोको सुविधा :
९. लगानी गर्ने आधार :
१०. व्यवसायको योजना :

## अनुसूची ६

## प्रशोधन कक्ष स्थापना गर्न आवश्यक सर्तहरु

१.दुध सञ्चालन र दुग्ध पदार्थ बनाउन प्रयाप्त स्थानको व्यवस्था हुनु पर्दछ ।

२. खानेपानीको प्रयाप्त व्यवस्था भएको हुनुपर्नेछ ।

३. प्रशोधन कक्षको भुईमा सफा गर्न सजिलो हुने गरि चिप्लो टायल र पक्की भुई हुनुपर्नेछ ।

४. प्रशोधन कक्षबाट निस्कने फोहोर पानीलाई वातावरण नबिग्रने गरि निकास गर्ने व्यवस्था हुनुपर्ने छ ।

५. प्रशोधन कक्ष प्रयाप्त हावा बहन हुन सक्ने, प्रयाप्त उन्यालो आउने र छाना उपयुक्त किसिमको वस्तुको प्रयोग गरि छाएको हुनुपर्ने छ ।

## अनुसूची ७

## साझेदारी कार्यक्रमका लागि निवेदन साथ आवश्यक हुने कागजातहरु :

१. साझेदारी कार्यक्रमका लागि निवेदन पत्र

२. दुग्ध उत्पादक सहकारी संस्था, निजी व्यवसायी दर्ता भएको प्रमाणपत्र

३. हालको भौतिक पूर्वाधारको अवस्था

४.साझेदारी कार्यक्रमको उद्देश्य, कार्ययोजना र पुँजीको श्रोतको छोटकरी विवरण

५. पुँजीको व्यवस्था र अन्य कार्यको लागि प्रतिवद्दता

६. व्यवस्थापन र कार्य सञ्चालनको कार्यनीति ।

## अनुसूची ८

## चिस्यान केन्द्र, डेरी पसल वा साना डेरी स्थापना गर्न व्यवसायिक योजना तयार गर्दा समावेश हुनुपर्ने कुराहरु :

१. परिचय :

२. उद्देश्य :

३. परियोजनाको आवश्यकता :

४. परियोजनाको सम्भाव्यता, विस्तृत विवरण :

प्राविधिक पक्ष :

आर्थिक पक्ष :

बजार पक्ष :

आर्थिक तथा सामाजिक पक्ष :

वातावरण प्रदूषण नियन्त्रण पक्ष :

५. परियोजनाको कार्ययोजना :

६. परियोजना सञ्चालन कार्यनीति :

## अनुसूची ९

## सम्झौता पत्र :

इस्मा गाउँपालिकाको आ.व.................................को लागि स्वीकृत बजेट अनुसार दुग्ध व्यवसाय प्रवर्द्दन तथा बजार व्यवस्थापन सुधारका लागि पेश भएको प्रस्तावनामा ................ समितिको निर्णय अनुसार श्री................................. .(स्थानीय निकाय वा चिलिङ भ्याट, साना डेरी, डेरी पसल, मासु पसल सुधार व्यवसायीलाई सहयोग गर्ने निर्णय भएकोले इस्मा गाउँपालिका पशुसेवा शाखा (यस पछि प्रथम पक्ष भनिने) र ........................................(स्थानीय निकाय वा चिलिङ भ्याट, साना डेरी, डेरी पसल, मासु पसल सुधार (यसपछि दोस्रो पक्ष भनिने) बीच तपसिल अनुसारको सेवा र शर्त पालना गर्ने गरी सम्झौता भयो ।

१. दोस्रो पक्षको प्रस्ताव अनुसार ...................................क्षमता भएको स्थापना सुधारको लागि..................................खरिद गर्न प्रस्तावमा उल्लेख भए अनुसार लाग्ने रकम..................... मध्ये प्रथम पक्षबाट लगानी गर्नुपर्ने र बाँकी रकम सबै दोस्रो पक्षबाट लगानी गर्नुपर्नेछ ।

२. ..........................................खरिद गर्दा दोस्रो पक्षले दरभाउ प्रथम पक्ष समक्ष पेश गर्ने र प्रथम पक्षको परामर्श तथा सहमति अनुसार दोस्रो पक्षले गुणस्तरीय सामान मूल्य अभिवृद्धि करमा दर्ता भएको फर्मबाट खरिद गरेपछि प्रथम पक्षबाट उपलब्ध गर्नुपर्ने रकम भुक्तानी हुनेछ ।

३. दोस्रो पक्षको प्रस्ताव अनुसार खरिद गर्नुपर्ने अन्य उपकरण दास्रो पक्षले नै खरिद गर्नुपर्नेछ ।

४. प्रथम पक्षको सहमति, परामर्शमा दोस्रो पक्षले स्तरयुक्त खरिद गरी बिल भरपाई पेश गर्नुपर्नेछ ।

५. प्रथम पक्षको अनुदानमा उपलब्ध भएको उपकरणको मर्मत सम्भार दोस्रो पक्षले गर्नुपर्नेछ ।

६. दोस्रो पक्षले दुध संकलन, प्रशोधन तथा बिक्री वितरण बन्द गरेमा प्रथम पक्षले उपलब्ध गराएको अनुदान रकम, उपकरण फिर्ता लिन सक्नेछ ।

७. दुध संकलन तथ प्रशोधन गर्ने कक्ष पक्की, पानी नजम्ने र सजिलैसँग सफा गर्न सक्ने (टायल लगाएको) हुनुपर्नेछ ।

८. यस सहकार्य सम्बन्धी कुनै विवाद भएमा, समस्या परेमा दुबै पक्षको सहमति अनुसार हुनेछ ।

<u>दोस्रो पक्षको तर्फबाटप्रथम पक्षको तर्फबाटरोहवर</u>

| | |
|---|---|
| दस्तखत : | दस्तखत |
| स्थानीय निकायको तर्फबाट नाम : | नाम : |
| दस्तखत : | पद : |
| पद : | नाम : |
| संस्था : | छाप : पद : |
| कार्यालयको छाप : | |

## अनुसूची १०

## बधशाला, बधस्थल, मासु पसल निर्माण सुधार तथा सञ्चालन गर्न सम्बन्धित निकाय, संस्था, व्यवसायी बिचको सहमतिः

इस्मा गाउँपालिकाको आ.व...............................को लागि स्वीकृत बजेट अनुसार स्वस्थकर मासु उत्पादन तथा बजार व्यवस्थापन सुधारको लागि पेश भएको प्रस्तावना मध्ये छनोट समितिको निर्णय अनुसार श्री.............................................(स्थानीय निकाय वा पशु बधस्थल, बधशाला, मासु पसल सुधार व्यवसायी) लाई सहयोग गर्ने निर्णय भएकोले इस्मा गाउँपालिका (यस पछि प्रथम पक्ष भनिने) र...................................(पशु बधस्थल,बधशाला, मासु पसल सुधार व्यवसायी (यस पछि दोस्रो पक्ष भनिने) बिच तपसिलअनुसार गर्नेगरी सम्झौता गरियो ।

**संचालक समिति/व्यवसायीले गर्ने कार्यहरु :**

१.जग्गा उपलब्ध क्षेत्रफल :

२.निर्माण सुधार विवरण (के-के गर्ने)

क) ख) ग) घ) ङ)

३. मुख्य उपकरणमा सहभागिता प्रतिशत :

४. अन्य उपकरणमा सहभागिता प्रतिशत :

५. खानेपानी व्यवस्थापनमा सहभागिता प्रतिशत :

६. बिजुली व्यवस्थापनमा सहभागिता प्रतिशत :

७. ढल निकासमा सहभागिता प्रतिशत :

८. अन्य :

| व्यवसायीको तर्फबाटः | पशुसेवा शाखाको तर्फबाटः | स्थानीय निकायको तर्फबाटः |
|---|---|---|
| दस्तखत : | दस्तखत : | दस्तखत : |
| नाम : | नाम : | नाम : |
| पद : | पद : | पद : |
| कार्यालयः | कार्यालयः | कार्यालय : |
| छाप : | छाप : | छाप : |

## अनुसूची ११

## पशु बधशाला, बधस्थल, मासु पसल, निर्माण तथा सञ्चालन गर्ने सम्बन्धी सम्झौता

इस्मा गाउँपालिकाको आ.व..............................को लागि स्वीकृत बजेट अनुसार स्वस्थकर मासु उत्पादन तथा बजार व्यवस्थापन सुधारको लागि पेश भएको प्रस्ताव मूल्याङ्कन भई निर्णय अनुसार श्री................ (स्थानीय वा पशु बधस्थल, बधशाला, मासु पसल सुधार व्यवसायी) लाई सहयोग गर्ने निर्णय भएकोले इस्मा गाउँपालिका (यस पछि प्रथम पक्ष भनिने) र...............................(स्थानीय वा पशु बधस्थल, बधशाला, मासु पसल सुधार व्यवसायी) (यस पछि दोस्रो पक्ष भनिने) बीच तपसिल अनुसार गर्नेगरी सम्झौता गरियो ।

१. दोस्रो पक्षले तोकिएको स्थानमा स्वीकृत डिजाईन, स्टिमेट तथा निर्धारित मापदण्ड अनुसार भित्र उक्त................. निर्माण गरी सक्नुपर्नेछ ।
